# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः १६ जून २०२५

समयः १८:५० - १६:०० बजे

**<u>मुख्य समाचार</u>**

- खिदिरपुर अग्निकाण्डामा जलेर चारानी भएको झण्डै १३०० दोकानेहरूलाई पश्चिम बंगाल सरकारले मदद गरि पूनःव्यवस्थापन गर्ने घोश्ज्ञणा मुख्यमंत्री ममता व्यानर्जीले गर्नुभएको छ।
- सिलगड़ी पुलिसले नक्ली आधार कार्ड, भोटर कार्ड र राशनकार्ड विशेशगरी बंगलादेशहरूका लागि बनाउने रैकेटको भण्डाफोड गरेको छ।
- पश्चिम बंगाल विधनसभा मुख्यमंत्री मममता व्यानर्जीको बंगलादेशी मुद्दामा गलत टिप्पणीपछि भाजपा विधायकहरूले कड़ा प्रतिवाद जनाए। भाजपाका एक विधायक निलम्बित।
- केन्द्र सरकारले राष्ट्रिय जनगणनाका लागि आज अधिसूचनाप जारी गरेको छ जसमा जातीय जनगणना सामेल छ।
- केन्द्रिय गृहमंत्री अमित शहले राज्यहरूमा राहत आयुक्तहरूसित आउने ९० दिन भित्रमा प्रत्येक जिल्लामा आपदा प्रबन्धन योजना तैयार पाने निर्देश दिनुभयो।

**<u>पश्चिम बङ्गाल-खिदिरपुर-अग्निकाण्ड -मुख्यमन्त्री</u>**

पश्चिम बङ्गालको खिदिरपुरको ओर्फानगञ्ज बजारमा भीषण आगलागीको घटनापछि राज्य सरकारले तत्काल राहत र पुनर्वासको लागि कदम चालेको छ। मुख्यमन्त्री ममता बेनर्जीले आज घटनास्थलको भ्रमण गर्दै नयाँ बजार, अस्थायी व्यापारिक सुविधा र प्रभावित दोकानेहरूका लागि सरकारी खर्चमा आर्थिक सहयोग को घोषणा गर्नुभयो उहाँले भन्नुभयो -राज्य सरकारले नयाँ बजार सिर्जना गर्नेछ र पसलेबाट कुनै खर्च लिइने छैन। कोलकाता महानगरपालिकाले वैज्ञानिक तरिकाले बजार निर्माण गर्नेछ, जसमा उचित अग्नि सुरक्षा व्यवस्था हुनेछ। नयाँ बजार तयार नहुञ्जेलसम्म पसलेका लागि अस्थायी पसलको व्यवस्था गरिनेछ। ” पूर्ण क्षति भएका पसललाई रु एक लाख र आंशिक क्षति भएका पसललाई रु ५० हजार आर्थिक सहयोग गरिने उहाँले बताउनुभएको छ। क्षतिको आंकलन गरी विस्तृत प्रतिवेदन तयार पारिनेछ। आगोले जलेको क्षेत्रलाई तत्काल घेराबन्दी गरी सुरक्षित गर्न मुख्यमन्त्रीले घटनास्थलमा निर्देशन दिएका छन्। ओर्फानगञ्ज बजारमा आइतबार राति लगभग १ बजे तिर आगलागी भएको थियो। जहाँ लगभग लगभग 13सय दोकानहरु जलेर नष्ट भएका थिए।

**<u>सिलगढीमा नक्कली आधार कार्ड गिरोहको पर्दाफास : 7 व्यक्ति पक्राउ</u>**

नक्कली आधार कार्ड गिरोहको पर्दाफास गर्दै सिलिगुडी पुलिसले 7 जनालाई पक्राउ गरेको छ। सिलगढीको इस्टन बाइपास क्षेत्रमा रहेको बहुतले भवनमा बिशेष अभियान समुह, भक्तिनगर पुलिस र आशिघर पुलिसले संयुक्त रूपमा छापा मारेर नक्कली आधार कार्ड बनाउने गिरोहको पर्दाफास गरेको हो। सूत्र अनुसार बिशेष अभियान समुह र पुलिस टोली ग्राहकको रूपमा नक्कली आधार कार्ड बनाउने केन्द्रमा पुगेको थियो। यहाँ केही रूपियाँको सट्टा आधार कार्ड बनाउने कारोबार चलिरहेको पुलिसलाई खबर प्राप्त भएको थियो। पुलिसललाई आरोपी चित्तरञ्जन सरकारको इस्टन बाइपास संलग्न क्षेत्रमा रहेको एउटा फोटो स्टुडियो रहेको र यसलाई नक्कली आधार कार्ड, नक्कली भोटर कार्ड, नक्कली कास्ट सर्टिफिकेट बनाउन प्रयोग गर्दै आएको पुलिसलाई जानकारी प्राप्त भएको थियो। यहाँ पाँच हजारदेखि दश हजार रुपियाँमा नक्कली आधार कार्ड, भोटर कार्ड र कास्ट सर्टिफिकेट बनाइने काम भइरहेको थियो। पुलिसले छापा मार्दा एकपछि अर्को गर्दै कागज-पत्रहरू भेटिएका थिए। हाल पुलिसले यस गिरोहमा

अरु कोही सामेल छन् कि छैनन् भन्ने विषयमा जाच  गरिरहेको बताइएको छ। यी नक्कली कागजात बंगलादेशीहरूका लागि बनाइने गरेको आरोप पनि उठेकोछ। हाल पुलिसले सम्पूर्ण घटनाको जाच शुरु गरेको छ।

**कलकत्ता हाई कोर्ट नेता प्रतिपक्ष शुभेंदु अधिकारी-अनुमति**

कलकत्ता उच्च न्यायालयको एकल पीठले पश्चिम बङ्गाल विधानसभामा विपक्षका नेता सुभेन्दु अधिकारीलाई दक्षिण २४ परगनाको महेशतला जान अनुमति दिएको छ। गत हप्ता दुई समूहबीच भएको हिंसात्मक झडपमा कैयौँ घर, दोकान  र धार्मिक प्रतिष्ठानमा क्षति पुगेको थियो । न्यायाधीश सौगत भट्टाचार्यको अध्यक्षतामा रहेको पीठले अधिकारीसहित भाजपाका अन्य दुई नेतालाई महेशतला जान अनुमति दिएको छ  । यद्यपि अदालतले स्पष्ट पारेको छ कि अधिकारीहरूले कुनै रैली  आयोजना गर्ने छैनन् र कुनै उत्तेजक वा विवादास्पद बयान दिने छैनन्।

**पश्चिम बंगाल विधानसभा हंगामा -मुख्यमंत्री**

पश्चिम बङ्गाल विधानसभाको मानसून सत्रको छैटौं दिन आज  मुख्यमन्त्री ममता बेनर्जीले सदनमा केन्द्र सरकारलाई लक्षित गर्दै भाषण दिइरहेका बेला ठूलो हंगामा भयो । अलीपुरद्वारबाट भारतीय जनता पार्टीका विधायक मनोजकुमार उराँवलाई सदनबाट निलम्बित गरिएको छ । यद्यपि उनको निलम्बनको अवधि भने स्पष्ट गरिएको छैन । पश्चिम बङ्गालकी मुख्यमन्त्री ममता बेनर्जीले आफ्नो भाषणमा केन्द्र सरकारले मनरेगा लगायत विभिन्न केन्द्रीय योजना अन्तर्गत पश्चिम बङ्गाललाई दिइने रकम रोकेको आरोप लगाउनु भयो । यसरीनै पश्चिम बङ्गाल भाजपाले मुख्यमन्त्रीको आरोप को खण्डन गर्दै भाजपा बिधायकको निलम्बन को तिब्र निन्दा गरेका छन् I

**नगरपालिका**

सिलगड़ी नगरनिगमको मयेर परिषदको बैठक आज गौतम देवको अध्यक्षतामा सम्पन्न भएको छ। यस बैठकमा सिलगड़ी महानगर क्षेत्र सम्बन्धित कतिपय महत्वपूर्ण मुद्दाहरू माथि छलफल भएको छ। बैठकपछि मेयर गौतम देवले टिस्टा नदीको जलस्तार बढ़नाले छउछाउका होचो क्षेत्रमा बस्ने मानिसहरूलाई सुरक्षित स्थानमा सार्ने निर्णय गरिएको बताउनुभयो। यसका ला गिस्थान चिन्हित गरिसकिएको  जानकारी पनि मेयर देवले जनाउनुभयो। टिस्टा नदीको जलस्तर बढ़नाले विगत केही दिनदेखि सिलगड़ी मा नियमित जल आपूर्ति वाधित भएको छ, पिउने पानीको आपूर्ति गर्नको निम्ति फूलबारी जलसंयन्त्रमा पानी पम्प गर्ने कार्य दिकने चौबीसै घण्टा जारी रहेको पनि उहाँले बताउनुभयो। उहाँले यो पनि बताउनुभयो शहरी भूमी आवन्टन समितिको पनि बैठक भएको जसमा विभिन्न विकास परियोजनाहरूको निम्ति जग्गाहरू चिन्हित गर्ने कार्यलाई गति दिन पनि निर्णय गरियो।

**सरकार – जनगणना**

सरकारले आज जनगणनाका लागि अधिसूचना जारी गरेको छ । गृह मन्त्रालयले जारी गरेको सूचनामा बर्ष १ मार्च २०२७ देखि जनगणना गरिने उल्लेख छ । यो मिति केन्द्र शासित प्रदेश लद्दाख, जम्मु–कश्मीरको हिउँले ढाकेको क्षेत्र र हिमाचल प्रदेश र उत्तराखण्डमा लागू हुने छैन । १ अक्टोबर  २०२६ देखि लद्दाख, जम्मू–कश्मीर, हिमाचल प्रदेश र उत्तराखण्डमा जनगणना हुनेछ । यो भारतको १६ औं राष्ट्रिय जनगणना हो भने भारत स्वतन्त्रता पछिको आठौं राष्ट्रिय जनगणना हो ।

**गृह मंत्री अमित शाह- भारत -आपदा प्रबंधन क्षेत्र**

गृहमन्त्री अमित शाहले भारत आपदा प्रबन्धनको  क्षेत्रमा विश्वनेता बन्न अग्रसर रहेको बताउनु भएको छ  । नयाँ दिल्लीमा आज राज्य र केन्द्र शासित प्रदेश राहत आयुक्तहरू र आपदा प्रतिकार्य बलहरूको वार्षिक सम्मेलनलाई सम्बोधन गर्दै शाहले भन्नुभयो , "भारतले पूर्व चेतावनी प्रणालीको विकासमा ठूलो उपलब्धि हासिल गरेको छ। सही पूर्वानुमान र पूर्वसूचनाको माध्यमबाट राहत तथा उद्धार कार्य सफलतापूर्वक सम्पन्न भएको उहाँले बताउनु भयो  । श्री शाहले मोदी सरकारको १० वर्ष भारतको आपदा प्रबन्धनको  इतिहासमा परिवर्तनकारी दशकको रूपमा दर्ज गरिने बताउनु भयो । विगत १० वर्षमा सरकारले आपदा प्रबन्धनमा  क्षमता अभिवृद्धि, गति, दक्षता र शुद्धताका क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल गरेको उहाँले बताउनु भयो  ।

उहाँले सरकारले १० वर्षमा 'शून्य हताहत' को लक्ष्य हासिल गरेर सिङ्गो विश्वलाई चकित पारेको बताउनु भयो । श्री शाहले ९० दिनभित्र आ–आफ्नो जिल्लाको आपदा प्रबन्धन योजना तयार पार्न राहत आयुक्तहरूलाई निर्देश दिनुभएको छ।

**खरसाङ रोलक बस्ती प्राथमिक पाठशाला भवन -उदघाटन**

गोर्खाल्यान्ड क्षेत्रीय प्रशासन प्राथमिक शिक्षा बिभाग द्वारा आज सिटोङ्ग तीन ग्राम पञ्चायत अन्तर्गत रोलक वस्ती प्राथमिक पाठशाला को नवनिर्मित दुई तल्ले भवनको उद्धाटन गरियो। जीटीए प्रमुख अनित थापाको वाहुली द्वारा नवनिर्मित दुई तल्ले भवनको उद्धाटन गरियो। यस अवसरम जीटीए शिक्षा बिभागका भारप्राप्त सभासद राजेस चौहान , रिजनल एस एस सी का अध्यक्ष विजय कुमार राई, तिलक चन्द्र रोका अध्यक्ष दार्जीलिङ्ग प्राथमिक शिक्षा बोर्ड ,अनु प्रधान, सभापति, खरसाङ पञ्चायत समिति , शिक्षा विभागका अधिकारीहरू ,विद्यालयका शिक्षण कर्मीहरु ,विद्यार्थीहरु , स्थानीय लगायत अन्य विशिष्ट व्यक्तिहरूको उपस्थिति रहेको थियो। सन् 1957 सालमा स्थापना भएको रोलक प्राथमिक पाठशालाले सन् 1964 मा पूर्ण पाठशालाको दर्जा प्राप्त गरेका थिए। रोलक प्राथमिक पाठशालाको नवनिर्मित भवन जीटीएको शिक्षा विभागबाट लगभग 68 लाख रुपियाँको खर्चमा निर्माण गरिएको छ। रोलक वस्ती प्राथमिक पाठशालालाई मोडल पाठशालाको रूपमामा घोषणा पनि गरिएको छ।

****** ० ******